# १० बाइबल र भविष्यमा हुने कुराहरुको भविष्यवाणी

*<u>यस अध्यायका मूल पदहरू:</u>* यशैया ५३:१-१२, दानिएल ७:१३, १४, २ पत्रुस १:१६-२०, मत्ती १७:१-६ र २ तिमोथी ३:१५-१७।

**<u>*यस अध्यायको कण्ठ गर्नुपर्ने मूल सार पद:*</u> "परमेश्वरका अगमवक्ताहरूका सन्देश पनि हामीसँग छ। त्यो सन्देशमाथि हामीले पूर्णरूपमा भरोसा राख्न सक्छौं। त्यसमा तिमीहरूले ध्यान दिन अत्यन्त जरुरी छ। त्यो सन्देश अन्धकार ठाँउमा ज्योति चम्किरहेको जस्तै छ। येशू नआउँञ्जेल त्यो ज्योति चम्किरहनेछ। अनि तिमीहरूको हृदयहरूमा त्यो बिहानीको तारा अर्थात् येशूको उदय हुनेछ" (२ पत्रुस १:१९ अङ्ग्रेजी न्यु इन्टरनाशनल रिभाइजद भर्जनबाट रूपान्तरित)।**

**पत्रुसका पत्रहरूको अध्ययन हामी जारी राख्नेछौं। तर एउटा उल्लेखनीय कुरालाई हामीले सोच्नुपर्छः पत्रुसले जे विश्वास गरे त्यसमाथि उनी कतिको निश्चित थिए त?**

पत्रुसले गरेका विश्वास, आस्था र परमेश्वरमाथिको भरोसाको बारेमा अझ धेरै जानकारी यस अध्यायमा हामी हेर्नेछौं। परमेरश्वरमाथि उनको आस्था, विश्वास, निष्ठा र भरोसाको कारण किन हो भनेर पनि उनले आफ्नो प्रतिवद्धता जनाउँछन्। "मानिसले आविश्कार गरेका मनबहलाउने चलाकी दन्त्य कथाहरूमा हामीले विश्वास गरेका छैनौं" भनेर पत्रुसले जिकिर गर्छन् (२ पत्रुस १:१६ रूपान्तरित)। पत्रुसको समयमा विभिन्न मूर्तीहरूको पूजा गरिन्थ्यो। ती मूर्तीहरूका बारेमा बिभिन्न पौराणिक वा काल्पनिक कथाहरू भनिन्थ्यो। मूर्ती पूजा गर्ने धार्मिक परम्परामा पुराण भन्ने चलन तत्कालिन विश्वमा प्रचलित थियो। तर दुई कारणहरूले आफूले गरेका विश्वासको निश्चयता भएको पत्रुसले हामीलाई जानकारी गराउँदछन्।

प्रथमतः उनी "हाम्रा प्रभु येशू ख्रीष्टको" प्रतक्ष्यदर्शी थिए (२ पत्रुस १:१६)। तर पत्रुसको दोस्रो कारण अझ महत्त्वपूर्ण मानिलिनुपर्छ। किन त? पत्रुसले जस्तै सबै विश्वासीहरूले आफ्नै आँखाले येशूलाई नदेखिन सक्छ। त्यसकारण, आफूले गरेका विश्वासको दोस्रो ठोस आधार कुन हो त? त्यो हो अगमवक्ता अर्थात् परमेश्वरको निम्ति बोल्ने मानिसहरूको सन्देशमा आफ्नो

आस्था गाढिएको छ भनेर पत्रुसले आफ्नो दोस्रो कारण व्यक्त गर्छन् (२ पत्रुस १:१९)। त्यसकारण, पत्रुस फेरि आफ्नो प्रतिवद्धता बाइबलतिर फर्काउँछन्। येशू को हुनुहुन्छ भन्ने प्रमाण नै अगमवक्ताहरूले छोडेर गएका भविष्यवाणीहरू हुन् भनेर पत्रुसले औँल्याउँछन्। बाइबलमा उल्लेखित भविष्यवाणीहरू आफ्ना जनहरूको निम्ति विशेष सन्देशहरू हुन्। भविष्यवाणीले भविष्यमा हुने कुराहरूको जानकारी दिन्छ। धर्मशास्त्रलाई उद्धृत गरेर आफ्नो बारेमा येशूले जानकारी दिनुभएकै केही भविष्यवाणीहरूको चर्चा पत्रुसले गरेका थिए भन्ने कुरामा कुनै शङ्का छैन। त्यसकारण, यदि येशू र पत्रुसले बाइबललाई गम्भीररूपमा लिएका थिए भने, हामीले पनि त्यही रूपमा लिनु अत्यन्त जरुरी छ।

## १. पुरानो करारमा येशू (भजन २२)

**आफूले केमा** विश्वास गरेको छु, भनेर पत्रुसले पाठकहरूलाई आफ्ना पत्रहरूद्वारा प्रतिवद्धता देखाएको हामी पाउँछौं। येशूलाई चिनेकै कारण आफू येशूको बारेमा चर्चा गरिरहेको भनेर पत्रुसले ठोकुवा गर्छन्। येशूको जन्म हुनुभन्दा सयौं वर्ष अघि पुरानो करारमा विभिन्न अगमवक्ताहरूले औँल्याएका व्यक्ति येशू नै थिए भनेर उनलाई थाहा थियो। बाइबल धर्मशास्त्र परमेश्वरको लिखित वचन थियो भन्ने पनि उनलाई थाहा थियो। परमेश्वरको लिखित वचनमा भरोसा राखेकै कारण आफूले जीवित वचन (येशू) मानव चोला लिएर आउनुभएको थियो (१ यूहन्ना १:१४) भन्ने कुरामा विश्वास गर्न सहयोग मिलेको थियो भनेर पत्रुसले भन्दछन्।

आफ्ना पाठकहरूको ध्यान १ पत्रुस १:१०-१२मा पत्रुसले हिब्रू बाइबलतिर आकर्षण गर्छन्। अगमवक्ताहरूले येशूको बारेमा सिकाएका थिए भनेर उनी औँल्याउँछन्। पुरानो करारमा पवित्र आत्माले येशूको बारेमा दुई महत्त्वपूर्ण सत्यहरूलाई स्पष्टरूपमा व्याख्या गरेका थिए भनेर पत्रुसले आफ्नो भनाई राख्दछन्। पहिलो सत्यचाहीँ "मसीहको दुःखकष्ट" दोस्रो सत्यचाहीँ "त्यसपछि हुने उहाँको यश तथा महिमा" (१ पत्रुस १:११ रूपान्तरित)।

**पुरानो करारका देहायका पदहरू पढ्नुहोस्। तिनीहरूले येशूको बारेमा धेरै कुराहरू उल्लेख गरेका छन्। ती पदहरूलाई केलाएर पढ्दा ती अगमवक्ताहरूले उहाँको बारेमा धेरै कुराहरूको भविष्यवाणी गरेका थिए भनेर तपाईंहरूले थाहा पाउनुहुनेछ। हेर्नुहोस्: भजन २२ "१ हे मेरा परमेश्वर! हे मेरा परमेश्वर! तपाईंले मलाई किन त्याग्नुभयो?मैले सहायताको लागि धेरै**

पुकारा गरेको छु, तर अझै पनि सहायता पाएको छैन। २ हे मेरा परमेश्वर!
दिउँसो म तपाईंलाई पुकार्दछु तर तपाईंले उत्तर दिनुहुन्न, म राती पुकार्छु तर
केही विश्राम पाउँदिनँ। ३ तर तपाईं परमपवित्र भएर सिंहासनमा विराजमान
हुनुहुन्छ, इस्राएलले तपाईंको प्रशंसा गर्दछ। ४ हाम्रा पुर्खाहरूले तपाईंमा भरोसा
गरे, तिनीहरू तपाईंमा भर परे र तपाईंले तिनीहरूलाई बचाउनुभयो। ५
तिनीहरूले तपाईंलाई पुकारे र खतरादेखि बाँचे, तिनीहरूले तपाईंलाई भरोसा गरे
र निराश हुनुपरेन। ६ तर मचाहिँ अब मानिस रहिनँ, म एउटा किरासरि हुँ,
सबैले मलाई हेला र घृणा गर्छन्। ७ मलाई देख्ने सबैले मेरो खिसी गर्छन्,
तिनीहरूले मलाई ओठ लेब्र्याउँछन् र टाउका हल्लाउँछन्। ८ तिनीहरू
भन्छन्, "तिमी परमप्रभुमा भर पर्‍यौ। किन उहाँले तिमीलाई बचाउनुहुन्न?
परमप्रभुले तिमीलाई मन पराउनुहुन्छ भने किन उहाँले तिम्रो मद्दत गर्नुहुन्न? "
९ म जन्मँदा तपाईंले मलाई जोगाएर ल्याउनुभयो र म बालक छँदा मलाई
तपाईंले कुशल राख्नुभयो। १० जन्मेको दिनदेखि म तपाईंमा भर परेको छु र
तपाईं सधैं मेरो परमेश्वर हुनुभएको छ। ११ मदेखि टाढा नहुनुहोस्। म
कष्टको मुखैमा छु र मलाई सहायता गर्ने कोही पनि छैन। १२ धेरै शत्रुले
मलाई साँढेहरूले झैं घेरेका छन्, मेरा चारैपट्टि तिनीहरू बाशान देशका डरलाग्दा
साँढे झैं छन्। १३ सिंह झैं गर्जंदै तिनीहरूले मलाई च्यातचुत पार्न आफ्ना
मुख बाउँछन्। १४ मेरो शक्ति हराएको छ, जमिनमा पोखिएको पानीजस्तै त्यो
हराएको छ। मेरा हड्डीका जोर्नीहरू फुस्केका छन्, मेरो हृदय पग्लेको मैनजस्तै
भएको छ। १५ मेरो घाँटी धुलोजस्तै सुखा भएको छ र मेरो जिब्रो तालुमा
टाँसिन्छ। मरेको भन्ठानी तपाईंले मलाई धुलोमा छोडिराख्नुभएको छ। १६
दुष्टको एक हुल मेरो चारैपट्टि छ, कुकुरका बथानले जस्तै तिनीहरू नजिक
आएर मलाई घेर्छन् र तिनीहरूले मेरा हात र खुट्टा चिथोर्छन्। १७ मेरा सबै
हड्डीहरू देखिन्छन्, मेरा शत्रुहरूले मलाई एकोहोरो हेरिरहन्छन्। १८ मेरो लुगा
चिठ्ठा हालेर तिनीहरू आपसमा बाँड्छन्। १९ हे परमप्रभु! मदेखि टाढा
नहुनुहोस्। मलाई बचाउन चाँडो आउनुहोस्। २० तरवारदेखि मलाई
बचाउनुहोस्, यी कुकुरहरूबाट मेरो प्राण बचाउनुहोस्। २१ यी सिंहहरूदेखि
मलाई जोगाउनुहोस्, यी जङ्गली साँढेहरूका सामु म असहाय छु। २२ तपाईंले
के गर्नुभएको छ, त्यो मेरा मानिसहरूलाई सुनाउनेछु। तिनीहरूका सभाबीच म
तपाईंको प्रशंसा गर्नेछु। २३ हे परमप्रभुका सेवकहरू हो, उहाँको प्रशंसा गर! हे
याकूबका सन्तानहरू हो, उहाँको आदर गर! हे इस्राएलीहरू हो, उहाँको आराधना
गर! २४ उहाँले गरीबहरूलाई तुच्छ ठान्नुहुन्न, तिनीहरूका कष्टलाई घृणा

गर्नुहुन्न, तिनीहरूदेखि उहाँले आफ्नो मुख फर्काउनुहुन्न। र तिनीहरूले मद्दतको निम्ति पुकार्दा उहाँले उत्तर दिनुहुन्छ।" २५ तपाईंले गर्नुभएको कामको लागि मानिसले भरिएको सभामा म तपाईंको प्रशंसा गर्नेछु, तपाईंलाई पुज्नेहरूको सामु म आफूले प्रतिज्ञा गरेको बलिदान तपाईंलाई चढाउनेछु। २६ गरीबले आफूले भनेजति खान पाउनेछ, परमप्रभुकहाँ आउनेहरूले उहाँको प्रशंसा गर्नेछन्, सदासर्वदा तिनीहरूको फलिफाप होस्। २७ सबै जातिहरूले परमप्रभुलाई याद गर्नेछन्। संसारका हरेक कुनादेखि तिनीहरू उहाँतिर फर्किनेछन्। वंश-वंशले उहाँलाई पुज्नेछन्। २८ परमप्रभु राजा हुनुहुन्छ र उहाँले जातिहरूमाथि राज्य गर्नुहुन्छ। २९ सबै अहङ्कारी मानिसहरू उहाँका अघि निहुरनेछन्, सबै मरणशील मानिसहरूले, उहाँका अघि शिर झुकाउनेछन्। ३० आउँदा पिँढीहरूले उहाँको सेवा गर्नेछन्, मानिसहरूले तिनीहरूलाई परमप्रभुको बारेमा भन्नेछन्। ३१ आजसम्म नजन्मिएका मानिसहरूलाई तिनीहरूले भन्नेछन्, "परमप्रभुले आफ्ना प्रजालाई बचाउनुभयो।", यशैया ५३:१-१२ “१ "अब जे हामी बयान दिन्छौं, त्यो कसले विश्वास गर्छ र? यस कुरामा परमप्रभुको हात छ भनी कसले देख्ला र? २ उहाँको अघि सुख्खा जमिनमा एउटा बिरूवाले, जरा हाले झैं ऊ बढ्यो। उसमा केही मान-मर्यादा वा सुन्दरता थिएन, उसमाथि हाम्रो आँखा परेन पनि। उसको बारेमा कुनै आकर्षित कुरा थिएन, उसका कुनै कुराले हाम्रो मन खिच्न सकेन। ३ हामीले उसलाई तुच्छ ठान्यौं र अस्वीकार गऱ्यौं, उसले दुःख र कष्ट सह्यो। कसैले पनि ऊतिर हेरेन, हामीले उसलाई केही नठानी ध्यानै दिएनौं। ४ "निश्चय नै उसले हाम्रा कष्टहरू सह्यो, हाम्रो दुःख भोग्यो। तर उसले दुःख-कष्ट भोगेको त उसमाथि परमेश्वरको दण्ड परेको हो भनी हामीले ठान्यौं। ५ तर हाम्रा पापका कारणले ऊ घाइते भयो, हाम्रा अधर्मका कारणले उसले चुटाइ खायो। उसले दण्ड भोगेको कारणले हामीले सुख-शान्ति पायौं, उसको कोर्राको चोटले हामी निको भयौं। ६ हामी सबै बाटो बिराएका भेडाहरू झैं थियौं, हामी बरालिएर आफ्नै सुरमा हिँड्थ्यौं, तर हामी सबैमाथि पर्नुपर्ने दण्ड परमप्रभुले उसमाथि पारिदिनुभयो। ७ "ऊसित रूखो व्यवहार गरियो तर त्यो उसले नम्र भएर सह्यो, उसले मुखबाट एउटा शब्द पनि निकालेन। काटिन आँटेको थुमा झैं, ऊन कत्रन लागेका भेडा झैं उसले आफ्नो मुख खोलेन। ८ उसमाथि अत्याचार भयो र दण्ड दिई मार्न लगियो र उसका सन्तानबारे कसले बोल्ला? कारण उसलाई जीवितहरूको देशबाट हटाइयो, मेरा मानिसहरूका पापको लागि उसमाथि कुटाइ पऱ्यो ९ दुष्टहरूसित ऊ चिहानमा राखियो, धनीहरूसित गाडियो, तथापि उसले कहिल्यै कुनै अपराध गरेको थिएन,

कहिले झूट बोलेको थिएन। १० "तरै पनि उसलाई चोट दिनु र कष्ट सहन लाउनु परमप्रभुको इच्छा थियो। परमप्रभुले उसको जीवनलाई पाप काट्ने बलिदान बनाउनुभएको भए पनि उसले आफ्ना सन्तान देख्नेछ र परमेश्वरको योजना ऊद्वारा सफल हुनेछ। ११ कष्टको जीवन भोगेपछि उसले जीवनको ज्योति देख्नेछ र सन्तुष्ट हुनेछ। आफ्नो ज्ञानद्वारा मेरो धर्मी सेवकले धेरैको पापको दण्ड बोक्नेछ र उसले तिनीहरूलाई क्षमा गर्नेछ। १२ यसैकारण म उसलाई एउटा इज्जतको स्थान दिनेछु र सामर्थीहरूसँग उसले जितेको माल बन्डा लाउनेछ। उसले राजी-खुसीका साथ आफ्नै प्राण दियो र दुष्टहरूका साथमा गनियो। उसले धेरै पापीहरूको सट्टामा आफ्नो प्राण दियो र तिनीहरूले क्षमा पाऊन् भनी बिन्ती गऱ्यो।", जकरिया १२:१० “दाऊदका सन्तानहरू र यरूशलेमका अरू मानिसहरूलाई दया र प्रार्थनाको आत्माले भरपूर पार्नेछु। तिनीहरूले आफूले घोचेर मारेको मानिसलाई हेर्नेछन् र मानिसहरूले एउटै मात्र सन्तानमाथि बिलौना गरे झैं त्यसको निम्ति तिनीहरूले बिलौना गर्नेछन्। आफ्नो जेठो छोरो मर्दा गरेजस्तो तिनीहरूले ठूलो शोक गर्नेछन्।", जकरिया १३:७,८ “७ सर्वशक्तिमान् परमप्रभु भन्नुहुन्छ, "ए तरवार! उठ् र मेरो काम गर्ने गोठालोलाई हमला गर, त्यसलाई मार् र भेडाहरू छरपष्ट हुनेछन्। म आफ्नो प्रजामाथि आक्रमण गर्नेछु ८ र देशभरि दुई तिहाइ मानिसहरू मर्नेछन्। अनि एक तिहाइ बाँच्नेछन्।", यर्मिया ३३:१४-१८ "१४ परमप्रभुले भन्नुभयो, "त्यो समय आउँदै छ, जब म आफूले इस्राएल र यहूदाका मानिसहरूसित गरेको प्रतिज्ञा पूरा गर्नेछु। १५ त्यस बेला दाऊदको वंशबाट राजा हुनलाई एक जना धर्मी पुरुषलाई म छान्नेछु। त्यस राजाले सारा देशमा असल र न्यायको काम गर्नेछन्। १६ यहूदा र इस्राएलका मानिसहरू बचाइनेछन् र तिनीहरू सुरक्षासाथ बास गर्नेछन्। यरूशलेम सहरको नाम "परमप्रभु हाम्रो उद्धार" हुनेछ। १७ म परमप्रभु प्रतिज्ञा गर्दछु कि सधैं दाऊदको एक जना सन्तान इस्राएलको राजा रहनेछ १८ अनि मलाई सेवा गर्न र होमबलि, अन्नबलि र अरू बलिदानहरू चढाउन लेवीका कुलबाट पूजाहारीहरू रहनेछन्।" र दानिएल ७:१३,१४ “१३ रातको यस दर्शनमा मैले मानव पुत्रजस्तै एउटा रूप देखें। उनी आइरहेका थिए र उनलाई चारैपट्टि बादलले घेरेको थियो। उनी ती अमर जीवन भएको व्यक्तिकहाँ गए र उनको अघि हाजिर भए। १४ जाति-जाति र कुल-कुलका अनि विभिन्न भाषा बोल्नेहरू सबैले उनको सेवा गरून् भनी उनलाई अधिकार, आदर र राज्य-शक्ति दिइयो। उनको अधिकार सदाकाल रहनेछ र उनको राज्यको अन्त्य कहिल्यै हुनेछैन।"

१ पत्रुस १:१०-१२मा पत्रुसले भन्दछन् "१० तिमीहरूले पाएको यस मुक्तिको बारेमा अगमवक्ताहरूले खोजे र छानबिन गरे अनि परमेश्वरले तिमीहरूलाई दिनुहुने अनुग्रहको बारेमा अघिबाटै बताइएका थिए। ११ अगमवक्ताहरूले यो कसरी र कहिले हुन्छ भनेर जान्न खोजी गरे। ख्रीष्टका आत्माले तिनीहरूलाई ख्रीष्टले दुःख भोग्नुहुनेछ अनि त्यसपछि ठूलो आदर पाउनुहुनेछ भनेर अघिबाटै देखाउनुभएको थियो। १२ पवित्र आत्माको शक्तिमा अहिले सुसमाचार सुनाउनेहरूले बताएको कुरा स्वर्गबाट पठाइएका अगमवक्ताहरूले बताएका थिए। त्यस बेला अगमवक्ताहरूले गरेको यो सेवा तिनीहरूको फाइदाको लागि होइन तर तिमीहरूको लागि हो भनेर परमेश्वरले ती अगमवक्ताहरूलाई देखाउनुभएको थियो। यी कुरा स्वर्गदूतहरू पनि बुझ्न चाहन्छन्।" मुक्तिको इतिहासमा बिशेष ठाउँ ओगटेर रहेका छन् भनेर आफ्ना पाठकहरूलाई निर्धक्कसँग भन्दछन्। किन त? यसकारणले किः पुराना करारका अगमवक्ताहरूले भन्दा तिनीहरूले धेरै कुराको ज्ञान पाएका थिए। अगमवक्ताहरूले आफ्नै समयमा बोलेका थिए। तर येशू ख्रीष्ट नआउँञ्जेल तिनीहरूले गरेका भविष्यवाणीहरूका मूख्य घट्ना घट्ने थिएनन्।

भविष्यवाणी गरेका कुनै निश्चित घट्नाहरू पत्रुसका पाठकहरू जीवितै भएको बेलामा सत्य सावित हुनेछन् भविष्यवक्ताहरूले अघिबाटै भनेका थिए। “पवित्र आत्माको सहयोगले तिमीहरूलाई सुसमाचार प्रचार गरेर" सत्यलाई ग्रहण गर्न पाएका थिए भनेर पत्रुसले आफ्ना पाठकहरूलाई बताउँछन् (१ पत्रुस १:१२ रूपान्तरित)। त्यसकारण सारा मानिस जातिहरूमा सुसमाचार प्रचार गरेको थियो। त्यसले गर्दा पुरानो करारका अगमवक्ताहरूलाई थाहा भएको भन्दा येशूको कष्ट र मृत्युको सत्यलाई विस्तृत रूपमा पाठकहरूलाई थाहा पाउने अवसर मिलेको थियो। हो, पत्रुसका पाठकहरू हामीहरूसँग त्यस महिमाको निम्ति पर्खिरहनुपर्छ जुन उहाँको दोस्रो आगमनमा हामीले देख्नेछौं। भविष्यवाणीको पहिलो भाग पूरा भइसक्यो। भविष्यवाणीको दोस्रो भाग पनि सत्य सावित हुनेछ भन्ने कुरामा हामी निश्चित हुनुपर्छ।

**तपाईंको जीवनमा बाइबलका कुन कुन प्रतिज्ञाहरू पूरा भएको पाउनुभएको छ? कुन कुरालाई तपाईंले अझै पर्खिरहनुभएको छ? ती तपाईंको निम्ति किन अर्थपूर्ण छ? कठिन समयमा पनि ती प्रतिज्ञाहरूलाई पक्रिराख्न तपाईंले कसरी सिक्ने?**

## २. राजकीय तेजस्वीमय सौन्दर्यता र महानताको प्रत्यक्ष्यदर्शी (२ पत्रुस १:१६-१८)

**येशू ख्रीष्टमाथि आफ्नो विश्वास वा निष्ठालाई अटल बनाइ राख्न अर्को प्रमाण छ भनेर २ पत्रुस १:१६-१८ले कसरी बताउँछन्? हेर्नुहोस्: "१६ हाम्रा प्रभु येशू ख्रीष्ट ठूलो महिमा र शक्तिमा फेरि आउनुहुन्छ भनी हामीले तिमीहरूलाई दन्त्यकथाको भरमा बताएका होइनौं। आफ्ना आँखाले हामीले उहाँको ठूलो महिमा देख्यौं। १७ परमेश्वर पिताले उहाँको आदर र सम्मान् गर्नुहुँदा अनि "यिनी मेरा प्यारा पुत्र हुन्, यिनीसंग म धेरै खुसी छु, " भनेर परममहिमाबाट उहाँलाई आवाज आउँदा हामी त्यहाँ थियौं। १८ उहाँसँग हामी पवित्र डाँडामा हुँदा स्वर्गबाट आएको यो आवाज हामीहरू आफैंले सुन्यौं।"**

पुरानो करारमा येशूको बारेमा उल्लेखित विभिन्न भविष्यकवाणीहरूको आधारमा पत्रुसले आफ्नो विश्वास अर्थात निष्ठाको जग बसालेका थिए भनेर हामीले हेऱ्यौं। तर पत्रुसले प्रचार गरेको अनुसार धेरै विवरणहरूलाई आफ्नै आँखाले देखेका थिए भनेर पनि उनले बताउँछन्। इसाई आस्था वा विश्वास कुनै ज्ञानी मानिसहरूले मानिसहरूको मन बहलाउन रचेको रमाइलो दन्त्यकथा वा पौराणिक कथा होइन भनेर पत्रुसले जिकिर गर्छन् (२ पत्रुस १:१६)। बरू इतिहासमा वास्तिविक रूपमा घटेकै घट्नाको आधारमा इसाई विश्वासको जग बसालिएको छ भनेर पत्रुसले आफ्नो प्रतिवद्धता जनाउँछन्।

नयाँ करारका प्रथम चारवटा पुस्तकहरूमा पत्रुसका अनुभवहरू हामीले पढ्न सक्छौं। ती पुस्तकहरूलाई सुसमाचार पनि भनिन्छ। ती सुसमाचारका पुस्तकहरूको अनुसार येशूको जीवन र काममा घटेका विभिन्न मुख्य समयहरूमा पत्रुस समावेस भएका थिए भनेर बताउँछन्। येशूले प्रचार गर्नुहुँदा, सिकाउनुहुँदा र अचम्मका कामहरू गर्नुहुँदा पत्रुस उहाँको साथमा थिए। समुद्रमा माछा पक्रिने समयमा पत्रुस र उनका सहयोगीहरू असफल भएतापनि येशूको निर्देशन अनुसार पछि माछाहरू पक्रिन सफल भएको अचम्मको घट्नामा पत्रुस प्रत्यक्ष्यदर्शी थिए (लूका ५:४-६)। येशूको पुनरुत्थान भएपछि गालिल समुद्रको छेउ येशू उभिनुभएको पनि उनले देखेका थिए (यूहन्ना २१:१५)।

**२ पत्रुस १:१७,१८मा पत्रुसले एक उल्लेखनीय घट्नामा आफ्नो ध्यान राख्दछन्। त्यो घट्नालाई आफ्नै आँखाले देखेका थिए। त्यो के थियो? त्यस घट्नाको विशेष अर्थ के थियो?**

**पत्रुसले** आफ्नै आँखाले देखेका विषेश घट्ना यो थियोः जब येशू, पत्रुस, यूहन्ना र याकूब एउटा पहाडमा प्रार्थना गर्न जाँदा येशूको रूप परिवर्तन भएको थियो (लूका ९:२८)। त्यसबेला उहाँको मानवीय रूप दिव्य तथा इस्वरीय रूपमा परिवर्तन भएको थियो। उहाँका अनुहार चम्किएको थियो। उहाँको वस्त्र एकदम सेतो ज्योतिले चम्किलो भएको थियो (मत्ती १७:२, लूका ९:२९)। त्यसबेला येशूसँग मोशा र एलिया कुरा गर्दै थिए। त्यसबेला चेलाहरूले सुन्ने गरि एक आकाशवाणी भएको थियो, "यी मेरा पुत्र हुन्। उनलाई प्रेम गर्नु। म उनीदेखि अत्यन्त प्रसन्न छु" (मत्ती १७:५ रूपान्तरित)।

येशूसँग समय बिताउँदा पत्रुसले उहाँको बारेमा धेरै देख्ने अवसर पाएका थिए। तर पहाडमा भएको येशूको रूप परिवर्तन, पत्रुसको निम्ति अत्यन्त चिरस्मरणीय वा कहिल्यै नबिर्सने घट्ना थियो। येशू ख्रीष्ट परमेश्वरको पुत्र हुनुहुन्छ भन्ने त्यस घट्नाले प्रमाणित गरेको थियो। येशूले यस संसारमा आफ्नो जीवन परमेश्वरकै योजना अनुसार बिताउनुभएको थियो भनेर त्यस घट्नाले देखाउँछ। परमेश्वर पितासँग येशूको सम्बन्ध विशेषरूपमा थियो भनेर पनि त्यस घट्नाले बताउँछ।

**तपाईंको आत्मिक जीवन र विश्वासमा घटेको कुनै घट्नालाई सोच्नुहोस जसले तपाईंलाई गहिरो प्रभाव पारेको छ। त्यो के हो? त्यसले तपाईंलाई कसरी असर गऱ्यो? त्यसबेला त्यो घट्ना तपाईको निम्ति कस्तो प्रभावकारी थियो भनेर महसुस गर्नुभयो?**

## ३. हामीहरूको हृदयमा बिहानीको तारा (२ पत्रुस १:१९)

**२ पत्रुस १:१९मा पत्रुसले के भनिरहेका छन् सो ध्यान दिएर पढ्नुहोस्। के उनले व्यक्त गरेका वचन बर्तमान समयमा हामीहरूको निम्ति पनि अति आवश्यक छ त? हेर्नुहोस्: "हामीसित भएका अगमवक्ताहरूको वचन अझ निश्चित भएको छ। झिसमिसे उज्यालो नहोउञ्जेल र तिमीहरूका हृदयमा बिहानको तारा नउदाउञ्जेल अन्धकारमा बलिरहेको दियोलाई झैं तिमीहरूले त्यस वचनलाई ध्यान दियौ भने असल गर्नेछौ।"**

अन्धकार र उज्यालोको बीचमा भिन्नता छ भनेर उपरोक्त पदले देखाउँछ। त्यो भिन्नता बाइबलका विभिन्न पदहरूमा हामी हेर्न सक्छौं (उदाहरणमाःउत्पत्ति १:५, यशैया ५:२०, एफिसी ५:८)।(अन्धकारलाई कुनै कुनै बाइबलमा "फोहरी थाङ्ना" वा "वाक्क लाग्ने वस्तु" भनेर पनि अनुवाद

गरिएको छ)। त्यसैकारण जब सम्म येशू आउनुहुन्न तबसम्म हामीले बाइबल अध्ययन निरन्तररूपमा जारि राख्नुपर्छ भनेर पत्रुसले स्पष्टरूपमा जोड दिँछन्। हामीहरू पतित मानव जात हौं। हामी पतित, अन्धकार, दिक्कलाग्दो र नैतिक रूपमै प्रदुषित संसारमा छौं। ती तत्वहरूबाट बाहिर निस्केर उज्यालोमा हिँड्न हामीलाई परमेश्वरको शक्तिको खाँचो छ। त्यो ज्योति वा उज्यालो दिने शक्ति हो, येशू ख्रीष्ट।

एक प्रमुख लक्ष्य लिएर प्रत्येक येशूका भक्त जिउनुपर्छ भनेर पत्रुसले आफ्ना पाठकहरूलाई औंल्याउँछन्। त्यो लक्ष्यलाई बुझाउन बाइबलका विभिन्न अनुवादहरूमा विभिन्न सरल तरिकाले उल्लेख गरिएको छ। कुनैमा "जबसम्म येशू आउनुहुन्न" भनिएको छ भने कुनैमा " बिहानीको झिसमिसे उज्यालोमा देखिने पहिलो तारा नउदाउञ्जेल" भनिएको छ जसको अर्थ यथार्थमा येशूको दोस्रो आगमन नहोउञ्जेल भन्न खोजिएको हो। यथार्थमा यस लक्ष्यहीन संसारमा जन्मेर अर्थपूर्ण जीवन बिताउनुको सत्य लक्ष्य नै येशूको आगमनको आशामा अपेक्षा गरेर बस्नु हो। फेरि त्यसैवखत "बिहानीको तारा" भन्दा हामीहरूको अन्धकार जीवनमा उदाइरहेको बर्तमान तारा पनि भन्न सकिन्छ। यो त झन कुनै सामुहिक नभएर व्यक्तिगत अनुभव भन्न सकिन्छ। प्रथमतः "बिहानीको तारा"को अर्थ येशू हुनुहुन्छ (प्रकाश २:२८, प्रकाश २२:१६)। हामीहरूको हृदयमा बिहानीको ताराको उदय हुनु भन्ने शब्द एक प्रभावकारी शब्दचित्र हो। येशूमा गाभिएर  बस्नुपर्छ भनेर धारणलाई हामीलाई बुझाउन खोजिएको हो। यदि हामी पक्का येशूभक्त जीवन बिताउन चाहन्छौं भने उहाँलाई हामीले अलि अलिमात्र विश्वास गरेर समाति राख्नु होइन वा गाभिनु होइन तर पूरा नै समाति राख्नुपर्छ वा गाभिनु पर्छ। तब मात्र हामीहरूको जीवनमा येशू कसरी जिवित भएर बस्नुभएको छ भनेर हामीले वास्तविक रूपमै अनुभव गर्न सक्छौं। चर्चले सिकाएको भरमा येशूलाई विश्वास गर्नुमात्र होइन, हप्ताको एक दिन चर्चमा आएर प्रवचन सुन्नुमात्र होइन तर हामीहरूको जीवनको केन्द्रविन्दु येशू हुनुपर्छ। हामीहरूको आशा, विश्वास र आस्थाको स्रोत उहाँमात्र हुनुपर्छ अरू कुनै व्यक्ति वा तत्व होइन। त्यसकारण हामीहरूको बिहानीको तारा येशूसँग मुक्ति पाएको जीवन बिताउन चाहन्छौं भने दैनिक बाइबल अध्ययन गर्नुको बिकल्प अरू छैन भनेर पत्रुसको स्पष्ट नीति भएको हामी पाउँदछौं।

अर्को अर्थ परमेश्वरको ज्योति हामीहरूको जीवनमा चम्कनु नै पर्छ। यदि हामीमा उहाँको बत्ति बलिरहेको छ भने हामीले अरूहरूलाई पनि उज्यालो

फैलाउन सक्षम हुन्छौं। "सारा संसारमा परमेश्वरको सत्यताको महिमाले चम्किनु आवश्यक छ। सबै देशहरूमा र सबै मानिसहरूको बीचमा परमेश्वरको ज्योति चम्किनु पर्छ। त्यो ज्योति तिनीहरूबाट चम्किन्छ जसले येशूको उज्यालो पाइरहेको हुन्छ। येशू नै दैनिक तारा हुनुहुन्छ वा दिनको तारा हुनुहुन्छ। जब हामी उहाँलाई विश्वास गर्छौं तब हामीहरूको अन्धकार जीवनमा येशूको उदय भएको हुन्छ। र अन्धकारमा हिँडिरहेको मानिसकोबाटोमा हामी चम्किनुपर्छ।"- एलेन जी ह्वाइट, क्रिस्चियन इक्सपिरिन्स एण्ड टिचिङ्ग अफ एलेन जी ह्वाइट, पृ. २२०बाट रूपान्तरित।

**जब तपाईं बाइबल पढ्नुहुन्छ तब त्यसमा पाउनुभएको बचनमा तपाईंको मन उज्यालो भएर येशूलाई झन झन चिन्न के सहयोग मिलेको छ?**

## ४. भविष्यवाणीको निश्चित वचन (२ पत्रुस १:१९-२१)

**पत्रुसले २ पत्रुस १:१९-२१मा भविष्यवाणीहरूको बारेमा उल्लेख गर्दछन्। ती के हुन्? साथै बाइबलमा भएको भविष्यवाणीहरू कुनै पनि अगमवक्ताले आफूले बुझेको अनुसार वा अरूलाई रिझाउन रमाइलो कथा रचेर लेखिएका होइनन् भनेर पनि उनले जिकिर गर्दछन्। हेर्नुहोस्ः "१९ हामीसित भएका अगमवक्ताहरूको वचन अझ निश्चित भएको छ। झिसमिसे उज्यालो नहोउञ्जेल र तिमीहरूका हृदयमा बिहानको तारा नउदाउञ्जेल अन्धकारमा बलिरहेको दियोलाई झैं तिमीहरूले त्यस वचनलाई ध्यान दियौ भने असल गर्नेछौ। २० सर्वप्रथम तिमीहरूले यो बुझ्नुपर्दछ, कि पवित्रधर्मशास्त्रको कुनै अगमवाणी व्यक्तिगत व्याख्याको विषय होइन। २१ किनकि मानिसको इच्छाबाट कुनै अगमवाणी आएन, तर पवित्र आत्माबाट प्रेरणा पाएर मानिसहरूले परमेश्वरको तर्फबाट बोलेका हुन्।"**

कुनै मानिस वा ऋषिमुनिहरूले बनको कुटीमा ध्यान गरेर रचेको मनबहलाउने कथाहरूमा इसाई आस्था अडेको छैन भनेर पत्रुसले स्पष्टरूपमा ठोकुवा गर्दछन् (२ पत्रुस १:१६)। उनको भनाईलाई साबित गर्न पत्रुसले दुई तथ्य हामीहरूको सामु राख्दछन्। प्रथमतः, जब परमेश्वर पिताले येशूलाई सम्मान र महिमा दिनुभयो त्यसखबत त्यो देख्ने प्रतक्ष्यदर्शीहरू थिए (२ पत्रुस १:१६-१८)। र दोस्रोमा येशूको जीवनमा पूरा भएका बाइबलमा लेखिएका विभिन्न भविष्यवाणीहरू पनि छन् (२ पत्रुस १:१९-२१)।

आफूले बुझेको अनुसार लेखिएको कुनै पनि भविष्यवाणी अगमवक्ताले लेखेका होइनन् भनेर पत्रुसले जिकिर गर्छन् (२ पत्रुस १:२०)। यस सत्यलाई

हामीहरूको अगाडि अघि सारेर बाइबललाई हामीहरूले व्यक्तिगत रूपमा पढ्नुपर्छ भनेर पत्रुसले भन्न खोजेको हामीले ठान्नुपर्छ। कतिले त बाइबल केवल बाइबल जान्ने धर्मगुरूहरूलेमात्र पढ्नुपर्छ र सिकाउनुपर्छ भनेर सिकाउँदछन् र सर्बसाधारण विश्वासीहरूलाई बाइबलमा भएका सत्यहरूलाई खोजेर पढ्न हौसला दिंदैनन्। यो धारणा बाइबल अनुसार छैन। यो कुरा १ पत्रुस १:१३-१६मा यसरी पुष्टि गरिएको छः "१३ यसकारण आफ्नो मन बाँध, संयमी होओ र येशू ख्रीष्ट प्रकट हुनुहुँदा तिमीहरूकहाँ आउन लागेको अनुग्रहमा तिमीहरूको आशा पूर्ण रूपले राख। १४ आज्ञाकारी बालकहरू भएका हुनाले अगाडिको अजान अवस्थाका कुइच्छाहरूमा तिमीहरू अब नलाग। १५ तर तिमीहरूलाई बोलाउनुहुने जस्तो पवित्र हुनुहुन्छ, तिमीहरू आफै पनि जीवनका सबै रहनसहनमा पवित्र होओ, १६ किनभने यो लेखिएको छ, "तिमीहरू पवित्र होओ, किनभने म पवित्र छु।"" जसरी पुरानो समयमा बाइबलका अगमवक्ताहरूले बाइबलमा लेखिएका भविष्यवाणीहरूको अर्थ गहिरो अध्ययन गरेर सिकेका थिए त्यसरिनै हामीहरूले पनि अध्ययन गर्नुपर्छ भनेर पत्रुसले हामीहरूलाई आह्वान गर्दछन्। १ पत्रुस १:१०मा पत्रुसले यसरी भन्दछन्: "तिमीहरूका निम्ति हुन आउने अनुग्रहको विषयमा अगमवाणी बोल्ने अगमवक्ताहरूले यही मुक्तिको खोजी र तलाश गरेका थिए।"

पत्रुसको भनाईको अर्थ के हो? नयाँ करारमा उल्लेख गरिएका चर्चका विश्वासीहरू केवल येशूका चेलाहरूले प्रचार गरेको भरमामात्र मिठो मानेर येशूलाई विश्वास गर्न पुगेका थिएनन्। तर तिनीहरूले सँगसँगै त्यसबेला प्रचलित धर्मशास्त्र पुरानो करार अध्ययन गरेर विश्वासमा र संख्यामा बढेका थिए। कुनै पनि मानिसहरू इसाई हुँ भनेर दावी गर्छन् भने तिनीहरू बृहत वा ठूलो इसाई शरीरको एक भाग हुँ भनेर विश्वस्त हुनुपर्छ (१ कोरन्थी १२:१२-१४)। चर्च वा विश्वासीहरूको समूदाय मिलेर अध्ययन गरेर निकालेका सत्य शिक्षा वा ज्योतिलाई अश्वीकार गर्ने कुनैपनि इसाईप्रति सचेत रहन पत्रुसले चेतावनी दिन्छन्। आफू जान्ने हुँ भनेर आफ्नै पाराले बाइबल पढेर चर्चको शिक्षाको विपरित शिक्षादीक्षा दिएर चर्चलाई भड्काउने व्यक्तिलाई पत्रुसले मान्न चाहेका थिएनन्। तर सँगसँगै मिलेर प्रार्थनापूर्वक बाइबल पढ्नु जरुरी छ र विश्वासीहरू एक भएर समुहगत बढ्नु पर्दछ। समूहमा भएका व्यक्ति व्यक्तिहरूको माझमा पवित्र आत्माले काम गर्नेभएकोले नै कुनै विश्वासी अलग बसेर इसाई हुँ भनेर दावी गर्ने व्यक्तिलाई पत्रुसले मानेको पाइन्दैन। सत्य भन्ने कुरा लुकाएर राख्ने होइन बरू त्यसलाई बाँड्नुपर्छ, त्यसलाई

तिखार्नुपर्छ र एक आपस मिलेर अध्ययन गर्ने त्यसको गहिऱ्याइमा पुग्न खोज्नुपर्छ। तर कसैले आफूमात्र पढेर अरू विश्वासी तथा चर्चका शिक्षादीक्षालाई अश्वीकार गर्छ भने त्यो व्यक्तिले बाइबलको शिक्षामा गलत धारणा निकाल्न सक्छ। विशेष गरेर भविष्यवाणीको मामिलामा चर्चका अरू विश्वासीहरूसँग सहमत हुन खोज्नुपर्छ।

अर्को पदमा पत्रुसले आफूले औंल्याएको कुरा किन सही छ भनेर त्यसको असल कारण बताउँछन्। इसाईहरूलाई नै पत्रुसले यसरी लेख्दछन्, "तिमीहरूको बीचमा झुटा अगमबक्ताहरू र झुटा धर्मगुरूहरूले तिमीहरूलाई खलबल गरेका छन्" (२ पत्रुस २:१ रूपान्तरित)। यदि तिनीहरूले व्याख्या गरेका कुनै शिक्षा छ भनेर सारा चर्चको सामु अनुमोदन वा त्यो ठिक छ वा छैन भनेर थाहा पाउन प्रस्तुत गर्नुपर्छ भनेर पत्रुसले अनुरोध गर्छन्। पवित्र आत्माको अगुवाईमा स्थापना भएको चर्चको सल्लाह अनुसार चल्न नचाहने धेरै मानिसहरू सत्यबाट तर्केर गलत शिक्षामा त्यसबेला लागेका थिए (र अहिले पनि लागिरहेका छन्)। एक फेरा प्रभु येशूलाई विश्वास गरेर चर्चको मान्यतामा चल्दा चल्दै कोही मानिस आफ्नै ढिपीमा जान्छन् भने पत्रुसको समयमा त्यो खतरामा परेको थियो भने अहिले पनि खतरा छ भनेर हामीले मान्नुपर्छ।

**समुच्चरूपमा भन्ने हो भने चर्चको ज्ञान र सल्लाहको निम्ति प्रत्येक विश्वासीको हृदय किन खुला राख्नुपर्छ? फेरि त्यसै बखत अरूले भन्यो भन्दैमा त्यसको पछि लाग्नको पनि सिमा हुनुपर्छ भनेर कसरी थाहा पाउने?**

## ५. हामीहरूको जीवनमा बाइबल अध्ययनको खाँचो (२ तिमोथी ३:१५-१७)

विश्वासीको जीवनमा बाइबल अत्यन्त खाँचो वा महत्त्वपूर्ण धर्मशास्त्र हो भनेर हामीले हेऱ्यौं। हामीहरूको इसाई अनुभवमा बाइबलको उच्च महत्त्वतालाई २ पत्रुस १:१९-२१मा खुलाइएको छ। बाइबल परमेश्वरकै शक्तिले सृजिएको हो भनेर पत्रुसले भन्दछन्। अर्को शब्दमा भन्ने हो भने बाइबल कुनै मानिसको काल्पनिक दर्शन होइन न त कसैले ध्यान वा समाधिमा बसेर आफ्नै सोच वा भावनाले सृजना गरिएको अरू पुस्तक जस्तो हो चाहे त्यो धार्मिक किताब नै किन नहोस्। तर पवित्र आत्माको शक्तिले बाइबल उब्जिएको हो। जब अगमवक्ताहरूले बोले तब पवित्र आत्माले तिनीहरूलाई अगुवाई गरेका थिए।

२ तिमोथी ३:१५-१७मा हामीहरूको जीवनमा बाइबलको आवश्यकतालाई पावलले बुझाउँछन्। उनको भनाईमा पत्रुसले पनि २ पत्रुस १:१९मा बाइबलको सत्यतालाई कसरी समर्थन गरेका छन्? हेर्नुहोस्: २ तिमोथी ३:१५-१७ "१५ तिमी सानो हुँदादेखि नै पवित्र-धर्मशास्त्रसँग परिचित छौ, जसले ख्रीष्ट येशूमा भएको विश्वासद्वारा मुक्तिको निम्ति तिमीलाई शिक्षा दिन सक्छ। १६ सम्पूर्ण पवित्र-शास्त्र परमेश्वरको प्रेरणाबाट भएको हो, र यो सिकाउनलाई, अर्ती दिनलाई, सच्याउनलाई, धार्मिकतामा तालिम दिनलाई लाभदायक हुन्छ, १७ ताकि परमेश्वरको जन हरेक सुकर्ममा पूर्ण रूपले सुसज्जित भई सिद्ध भएको होस्।" र २ पत्रुस १:१९-२१ "१९ हामीसित भएका अगमवक्ताहरूको वचन अझ निश्चित भएको छ। झिसमिसे उज्यालो नहोउञ्जेल र तिमीहरूका हृदयमा बिहानको तारा नउदाउञ्जेल अन्धकारमा बलिरहेको दियोलाई झैं तिमीहरूले त्यस वचनलाई ध्यान दियौ भने असल गर्नेछौ। २० सर्वप्रथम तिमीहरूले यो बुझ्नुपर्दछ, कि पवित्रधर्मशास्त्रको कुनै अगमवाणी व्यक्तिगत व्याख्याको विषय होइन। २१ किनकि मानिसको इच्छाबाट कुनै अगमवाणी आएन, तर पवित्र आत्माबाट प्रेरणा पाएर मानिसहरूले परमेश्वरको तर्फबाट बोलेका हुन्।"

बाइबल सिकाउने नाउँमा अनेकौं खतराका शिक्षादीक्षा चर्चमा घुसेका छन् भनेर पावलले तिमोथीलाई सतर्क गराउँछन्। अनि २ तिमोथी ३:१६मा बाइबलको महत्त्वको बारेमा पावलले संक्षेपतमा सिकाउँछ।

बाइबलको उपयोगिताको बारेमा पावलले उल्लेख गरेका तिनवटा मुख्य बुँदाहरूलाई हेरौं।

*शिक्षादीक्षा वा येशूभक्तलाई आवश्यकता भएका विभिन्न मौलिक सिद्धान्तहरू:* चर्चले सिकाएका विभिन्न शिक्षाहरूलाई सिद्धान्तहरू भनिन्छ। प्रत्येक शिक्षा वा सिद्धान्तको केन्द्रविन्दु येशू हुनुपर्छ। बाइबलले सिकाएका प्रत्येक पाठले हामीलाई केही न केही सिकाउनुपर्छ जसले परमेश्वरको अनुसार कसरी जिउने भनेर ज्ञान दिन सहायता गर्छ। पावलले भन्दछन्, "उहाँको योजना असल, रमाइलो वा प्रसन्न पार्ने र सिद्ध छ" (रोमी १२:२ रूपान्तरित)।

*हामीहरूका गल्ती तथा त्रुटिहरू सच्याउने:* पावलले तिमोथीलाई यो भन्दछ: "परमेश्वरको वचनले हामीहरूका गल्तीहरू सच्याउँछ..जुन कुरो ठिक छ सो गर्न तालिम दिन यो उपयोगी छ।" (२ तिमोथी ३:१६ रूपान्तरित)। बाइबलमा लेखिएका भविष्यवाणीहरू उज्यालो बत्ती जस्तै हुन् भनेर पत्रुसले पनि पावलको भनाइसँग सहमत भएको देखाउँछन्। अन्धकार ठाउँमा यो

चम्किन्छ भनेर उनीले भन्दछन् (२ पत्रुस १:१९)। हामीहरूको जीवनलाई कसरी अर्थपूर्ण बनाएर जिउनुपर्छ भन्ने मामिलामा बाइबलले अगुवाइ गर्छ भन्ने पत्रुसको भनाइ हो। हामीहरूको व्यवहारमा कुन ठिक छ कुन ठिक छैन भनेर यसले सिकाउँछ। पवित्र आत्माले मानिसहरूलाई बाइबल लेख्न अगुवाइ गरेका थिए। त्यसकारण हामीहरूको जीवनमा परमेश्वरको योजनालाई देखाउन बाइबल*n]* प्रभावकारी औजारको रूपमा काम गर्दछ।

*"हामीले कसरी मुक्ति पाउने?"* हामीहरूको टुक्रिएको र आशारहित जीवनलाई फेरि पूर्ण स्वस्थमा फर्काउन बाइबल उपयोगी छ भनेर पावलले भन्दछन्। हामीले कसरी मुक्ति पाउने वा हामी कसरी उद्धार हुने भनेर बाइबलले सिकाउँदछ (२ तिमोथी ३:१५ रूपान्तरित)। बाइबलले हामीलाई येशूतिर डोऱ्याउँछ भनेर पावलले औंल्याउँछन्। हामीहरूको पापको निम्ति येशू मर्नुभयो भन्ने आत्मज्ञानमा विश्वास गर्नु नै हाम्रो मुक्तिको आधार हो। त्यसकारण बाइबलले हामीलाई शिक्षादीक्षा, सिद्धान्तहरू र मुक्तिको आत्मज्ञान् दिन्छ। हामीहरूको जीवन उचित वा ठिकसँग चलेको छ कि छैन र छैन भने त्यसलाई बाइबलले सच्याउँछ। त्यसैकारण, "बाइबल अन्धकारमा बत्तीको ज्योति जस्तै चम्किन्छ। जबसम्म येशू आउनुहुन्न तब सम्म यो चम्किरहनेछ। अनि तिमीहरूको हृदयमा बिहानीको ताराको उदय हुनेछ" (२ पत्रुस १:१९ रूपान्तरित)।

## उपसंहार:

"सत्य भनेको के हो भनेर बाइबलबाट सिक्ने प्रत्येक चिन्तक र विश्वासको कारण खोज्ने व्यक्तिको प्रथम र अत्यन्त उच्च कर्तव्य हो। अनि त्यो व्यक्तिले आफूले पाएको सत्यको ज्योतिमा हिँड्नुपर्छ र अरूलाई पनि त्यसमा डोऱ्याउन हौसला दिनुपर्छ। हामीले दिनदिनै बाइबललाई केलाएर अध्ययन गर्नुपर्छ। हामीहरूमा भएको प्रत्येक सोचलाई बाइबलले जोख्नुपर्छ। एउटा पदले अर्को पदलाई कसरी व्याख्या गर्छ भनेर पनि हामीले अध्ययन गर्नुपर्छ। हामीहरूको सोचबिचार वा धारणाहरूलाई परमेश्वरको सहायताले उहाँको इच्छा अनुसार ढाल्नुपर्छ। किन त? किनभने एक दिन हामी सबैले परमेश्वरको सामु उहाँले सोध्नुहुने प्रश्नको जवाफ हामी आफैले दिनुपर्नेछ।

"बाइबलमा पोख्त भएका वा बाइबललाई जानेको छ भन्ने कतिपय विद्वान तथा धर्मगुरूहरूले बाइबलले देखाएका स्पष्ट सत्यलाई अन्धकार र शङ्काको वस्त्रले बेरिदिएका छन्। आफूहरूसँग ठूलो आत्मज्ञान छ भनेर ती

विद्वानहरूले दावी गर्छन्। तर बाइबलमा धेरै रहस्यहरू छन् जस्को अर्थ हामीले बुझ्न सक्दैनौं भनेर तिनीहरूले सिकाउँदछ। ती मानिसहरू झुटा गुरूहरू हुन्। त्यसखालका मानिसहरूलाई येशूले यसरी भन्डाफोर गर्नुभएको थियो: "तिमीहरूलाई धर्मशास्त्र (पुरानो करार) थाहै छैन। किनभने तिमीहरूले परमेश्वरको शक्तिलाई जानेका छैनैं" (मर्कूस १२:२४ रूपान्तरित)। शब्दचित्र वा प्रतीकहरू उल्लेख गरेका बाहेक बाइबलमा लेखिएका अक्षरस शब्दहरूको व्याख्या त्यसैमा खोज्नुपर्छ। येशूले यो प्रतिज्ञा हामीलाई दिनुभएको छ: "मेरा शिक्षादीक्षाहरू मेरो आफ्नैबाट हो वा परमेश्वरवाट हो भनेर कुनै मानिसले पनि थाहा पाउन सक्छ। त्यो मानिसले परमेश्वरले के चाहनुहुन्छ त्यही अनुसार चल्न आत्मनिर्णय गऱ्यो भने मेरा शिक्षाहरूलाई तिनले थाहा पाउनेछ।" (यूहन्न ७:१७ रूपान्तरित)। यदि कुनै स्त्री वा पुरुषले बाइबल जसरी पढिन्छ त्यसरी नै स्वीकार गरे के हुने होला? मानौं बाइबलको मामिलामा मानिसहरूलाई गलत दिशामा डोऱ्याउन र तिनीहरूको दिमागलाई अन्यौलमा पार्न कुनै झुटा धर्मगुरूहरू भएन भने के हुने होला? तब स्वर्गदूतहरूलाई खुशी पार्ने कामहरू हुनेछन्। अहिले गलत शिक्षालाई बरालिएका हजारौं हजारलाई बाइबलको सही शिक्षादीक्षाले येशूको बगालमा ल्याउनेछ।"-एलेन जी ह्वाइट, *द ग्रेट कन्त्रोभर्सी,* पृ. ५९८बाट रूपान्तरित।

**चिन्तनमनन:**

**अ. बाइबललाई सही ढँगमा वा स्पष्ट रूपमा बुझ्न अरू कस्ता कस्ता नीतिहरू समावेस भएका छन्?**

**आ. पन्द्रौं शताब्दीका इसाई सुधारक मार्टिन लुथरले लेखेका छन्, "बाइबलको ज्योति बाइबल नै हुन् अर्थात् बाइबललाई बुझ्न बाइबल नै प्रयोग गर्नुपर्छ।" बाइबलका पुस्तहरू एक आपसमा मिल्दछन भनेर उनले भन्न खोजेको हो। एउटा भागलाई अर्को भागले बुझाउँछ। यसबारे के केही उदाहरणहरू तपाईंले थाहा पाउनुभएको छ?**

**इ. बाइबल पढेर परमेश्वरसँगको चालमा अझ गहिरोसँग हिँड्न कसरी सिक्ने भनेर कसैले तपाईंलाई सोध्यो भने तपाईंको जवाफ के हुन्छ?**

# परमेश्वरलाई ठिक फोटोमा राख्नु

व्यवसायीमा म फोटोग्राफर भएकोमा बिवाह जस्तै विभिन्न महत्त्वपूर्ण समारोहमा मैले फोटो तथा भिडियोहरू खिँच्छु। विभिन्न खेलकुद आयोजनाहरूमा मैले फोटोहरू खिच्छु र टेलिभिजनको निम्ति मैले डकुमेन्टरी फिल्महरू पनि बनाउँछु।

जब म पहिला एडभेन्टिस्ट भएँ तब मैले शब्बथलाई कसरी पालन गर्ने होला भनेर सोचेको थिएँ। मैले फोटो लिने प्रायजसो आयोजनाहरू शब्बथमा नै पर्दथ्यो। मेरो कामलाई जारी राख्ने सिलसिलामा जुन दिन ती आयोजनाहरू हुन्थ्यो त्यस दिनमा मैले काम गर्नुपर्थ्यो। मेरो परिवार थियो जो ममा भर परेको थियो। शब्बथमा काम नभएको बेलामा म चर्चमा जान थालें। जब शब्बथको दिनमा फोटो खिँच्ने कार्यक्रमहरूमा भाग लिनुपर्थ्यो तब म चर्चमा नगइकन काममा जान्थें।

तर शब्बथ दिनमा काम गर्दा मेरो मनमा शान्ति थिएन। जतिसुकै मेहनत गरेतापनि मेरो जीवन अगाडि बढ्न सकेको थिएन। प्रायजसो मेरो कुनै न कुनै परिवारको सदस्य बिरामी भैरहन्थ्यो वा अपेक्षा नगरेको खर्च मैले व्यवहोर्नुपर्थ्यो। एक दिन चर्चको पास्टरसँग हाम्रो निम्ति प्रार्थना गर्न अनुरोध गरें।

अनि परमेश्वरले हस्तक्षेप गर्नुभयो। जुन कम्पनीमा म काम गर्थें त्यस कम्पनीलाई अर्कै कम्पनीले किन्यो। त्यसले गर्दा मैले आफ्नो काम गुमाउनुपऱ्यो। म के गर्ने भनेर चिन्तित भइरहेको बेलामा विभिन्न मानिसहरूले मलाई फोन गरेर स्वतन्त्ररूपमा फोटोग्राफर हुन बोलाउन थाले। अब म आफ्नै काम स्वतन्त्ररूपमा गरेर पैसा कमाउन सक्छु भन्ने महसुस मलाई भयो।

अनि एक दिन मैले चर्चमा एक प्रवचन सुनें। जेसुकै परिआएतापनि परमेश्वरमा भइरहेको निष्ठालाई हल्लिन दिनुहुन्न भन्ने त्यस प्रवचनमा सुनें। अनि मैले शनिबारको दिन काम नगर्ने निर्णय गरें। तर मलाई यो पनि थाहा थियो कि यदि शनिबार काम गरिँन भने मेरो कमाई थोरै हुन जान्छ किनकि प्रायजसो सबै सामाजिक समारोहहरू त्यही दिनमामात्र पर्छ। तैपनि परिवारलाई चाहेको सबै खर्च परमेश्वरले नै जुटाउनुहुनेछ भन्ने प्रतिज्ञालाई आत्मसात् गरेर शनिबार काम नगर्ने निर्णय गरि नै रहें।

हुनत शनिवार काम नगरेकोले पैसाको मामिलामा कहिलेकाहीं धौ धौ हुन्थ्यो। घरबहाल तिर्न पैसा नहुँदा कहिलेकाहीं घरपतिसँग केही समय पर्खिन अनुरोध गर्नुपरेको थियो।

पैसाको मामिलामा अत्यन्त गाऱ्हो भइरहेको बेलामा मैले पुरानो कम्पनीमा काम गरेको बेलामा काम गरेको एक जना मानिससँग बाटोमा भेटघाट भयो। उसँग केही पैसा लिनु थियो। हामीले एक छिन कुराकानी गऱ्यौं तर मैले पैसाको बारेमा केही पनि भनिँन। तब छुट्टिने बेलामा धेरै वर्ष अघि उनले मलाई तिर्नुपर्ने पैसा हातमा राखेर गयो। केही महिनापछि अर्को मानिसले पनि मलाई पैसा दियो जुन् मैले बिर्सिसकेको थिएँ। उसबाट मैले पैसा पाउँछु भनेर मैले कहिल्यै पनि अपेक्षा गरेको थिइन।

हो, शब्बथमा काम गरेको बेलामा जस्तो मैले पैसा कमाउन सकेको छुइन। तर परमेश्वरले मलाई घुमाउरो पाराले आशिष दिइरहनुभएको छ। मेरा छोराछोरीहरू अब कमै बिरामी हुन थालेका छन् र अपेक्षा नगरेको खर्चमा पनि कटौटी भइरहेको छ। मलाई थाहा छ कि भविष्यसँग म डराउनुपर्दैन। अरू मानिसहरूलाई पनि परमेश्वरमाथिको निष्ठामा नडगमगाउन हौशला दिने प्रयास गर्छु। परमेश्वरले हामीहरूको आवश्यकता पूरा गरिदिनुहुन्छ भन्ने कुरा पक्का हो भनेर म पाठकहरूलाई भन्न चाहन्छु।

(यस कथाको लेखक लीडो बाको क्यामरोन देशका योननडेमा बस्नुहुन्छ)।